मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीमा डिलबहादुर सुतिरहेकै अवस्थामा मृत भेटिए

हेटौंडा, २५ चैत/पश्चिम मकवानपुरको मनहरी गाउँपालिका-७ तल्लोबजारस्थित मुक्तेश्वर महादेव मन्दिर परिसरमा आइतबार बिहान सुतेकै अवस्थामा एक पुरुष मृतअवस्थामा फेला परेका छन् । मृतअवस्थामा फेलापरेका व्यक्ति मकवानपुरको राक्सिराङ घरभएका ५१ वर्षीय डिलबहादुर थिङ रहेको सनाखत आफन्तले गरेको मकवानपुर प्रहरीले जनाएको छ । उनले खानेकुरा मागि हिंड्ने गरेको बुझिएको यद्यपि घटनाको अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

मुक्तेश्वर महादेव मन्दिर परिसरमा निर्मित प्रतीक्षालयमा सुतेकै अवस्थामा मृत फेलापरेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । शवलाई पोस्टमार्टमका लागि हेटौंडा पठाइएको इलाका प्रहरी कार्यालय मनहरीले जनाएको छ ।

# कृषि सहकारीले यसरी ठग्थ्यो मकवानपुरका कृषक

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/२०७८ सालपछि मकवानपुरको हेटौंडा र गाउँ छिरेको हाम्रो नयाँ कृषि सहकारीले सयौं कृषकको लाखौं रकम लिएर भागेको छ ।







घटना, एकवर्ष अगाडिकै भएता पनि सहकारीका जिल्ला अध्यक्ष, मुख्य कर्मचारी फरार छन् भने कृषकको फसेको रकम जोखिममा छ । करिब २ दसकअघि हेटौंडा, चितवन, सर्लाही, नवलपरासी लगायतका धेरै ठाउँका युवालाई बिदेश पठाउने भनेर लाखौं रकम उठाएर फरार रहेका हेटौंडा-२ मानसचोकका सरोज पुडासैनी पुन: फर्किएर सहकारी ठगीमा लागेको खुल्यो । तर, उनै पुडासैनी रहेको जानकारी कमैले पाए । पुडासैनीले हेटौंडाको मानसचोक छोडेको पनि २ दसक नै भइसकेको छ ।

२०७६ चैत ११ गते कोभिड-१९ महामारीका क्रममा देशव्यापी लकडाउन भएपछि पुडासैनी हेटौंडा आएका थिए । तर, दुई दसकअघिको पुडासैनीको पुरानो हुलिया परिवर्तन भएका कारण स्थानीयले उनलाई चिन्न सकेनन् । त्यतिबेला नै पुडासैनी सहकारीको एजेन्ट बनेर मकवानपुरका पूर्वीक्षेत्र र पश्चिमीक्षेत्रमा सर्वसाधारण किसानलाई ठगी गर्ने योजना बुन्दै थिए । पुडासैनीले गाउँमा आफू अनुकूल एजेन्ट नियुक्ति गरी सोझा किसानलाई प्रलोभनमा पारेर फसाउने तयारीमा थिए ।

२०७८ मा मकवानपरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिका-४ जुरेलीमा अंकिता सुवेदी पुडासैनी हाम्रो नयाँ कृषि सहकारी संस्थाको सेयर सदस्य बनाउन प्रलोभनसहितका एजेण्डा लिएर पुगेकी थिइन् । पीडित बचतकर्ताहरुका अनुसार उनलाई गाउँ पठाउने योजनाकार थिए, पुडासैनी । अंकिताले हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेडले कृषिउत्पादन खरिदबिक्री गर्ने, कृषकलाई सहुलियत दरमा ऋण प्रवाह गर्ने, दशैंमा शेयर सदस्यलाई बोनसवापत खर्च दिने बताउँदै बकैयामा सहकारी राख्ने वातावरण बनाएकी थिइन् ।

त्यही सहकारीबाट ठगिन पुगेको बकैया-३, हात्तिसुँढेकी विष्णुमाया भोम्जनले जानकारी दिइन् । अंकितालले बकैया-४, का अगुवा शिवबहादुर खुलाललाई हातमा लिएर सहकारीलाई विस्तार गरेकी थिइन् । आफू सहकारीको केन्द्रीय सदस्य रहेको भन्ने ब्यहोराको पत्राचार गर्ने गरेका थिए पुडासैनीले । हाम्रो नयाँ कृषि सहकारी संस्थाका केन्द्रीय सदस्य तथा मकवानपुर जिल्ला अध्यक्ष भनेर पुडासैनीले सहकारीलाई बकैया, मनहरी गाउँपालिका र हेटौंडा उपमहानगर पालिकामा कार्यालय खोलेर काम गरेका थिए ।

मकवानपुरमा करिब १ वर्ष बसेर शेयर रकम र कृषिउत्पादन खरिद गरेर लाखौं रकम बोकेर पुडासैनी विगत एक वर्षदेखि फरार छन् । पुडासैनी र अंकिता दुवैजना फरार रहेको बकैयामा सहकारीलाई अगुवाई गर्न सहयोग गरेका खुलालले बताए । ७ पुस २०७८ मा बकैया-४, माझीखोलामा एकसय भन्दा बढी कृषकलाई भेला गराएर कार्यालय सञ्चालन गरेको सहकारीले उन्नतजातको फलफूल उत्पादन गर्न ऋण लगानी गर्ने, गाउँमै दूध डेरी खोल्ने, कृषिउत्पादनलाई विदेश लगेर बिक्री गर्ने भएकाले बजारभन्दा बढी मूल्य दिने, कृषकलाई बिनाधितो ऋण दिने आश्वासन बाँडेको सहकारी पीडित विष्णुमायाले बताइन् ।

२०७९ फागुनसम्म सहकारीले बकैयाको-३, ४, ५, ७ लगायत वडा र बागमती गाउँपालिकाको विकट राईगाउँ, पुरानो व्यापारिक केन्द्र फापरबारी, गाउँपालिका केन्द्र रहेको झुरझुरे र ज्यामिरे क्षेत्रका गरी करिब ४ सय जनालाई शेयर सदस्य बनाएको थियो । ४ सय ३५ जनाले शेयर वापत एक हजार र प्रवेश शुल्कको एकसय गरी ११०० सहकारीमा बुझाएका थिए । पुडासैनीले सहकारीको शेयर रकम झण्डै ५ लाख रुपैयाँ लिएर गत चैतदेखि वेपत्ता भएको सहकारीलाई गाउँमा अगुवाई गरेका खुलालले बताए ।

पुडासैनी बागमती गाउँपालिका-२, राईगाउँका प्रेमबहादुर माझीको ८ लाख बराबरको धान खरिद गरेर पैसा भुक्तानी नदिईकनै फरार भएको खुलेको छ । साझाकुरासँग सम्पर्कमा आएका माझीले गतवर्ष पुसमा मकै, धान र गेडागुडी खरिद गर्न आग्रह गर्दा आफूले धान ८ लाख रुपैयाँको बिक्री गरेको बताए । उनले सहकारीको सीधै विदेशमा सम्पर्क भएको र राम्रो मूल्य आउने प्रलोभनमा पारेर धान लगेको सुनाए । धान लगेपछि पुडासैनी फर्किएर आएका छैनन् ।

'गाउँमा यत्रो सहकारी खोलेको, ४ सय भन्दा बढीले शेयर हालिसकेपछि विश्वास नगर्ने कुरै भएन । धान दिनु विदेशमा बिक्री गरेर बजारको भन्दा राम्रो मूल्य दिन्छु भनेर फकाएपछि पठाएको हुँ । त्यसपछि त्यो पुडासैनी फर्किएर आएन । पछि खोजतलास गर्दा भागिसकेको रहेछ,' उनले भने । बागमती गाउँपालिकाभित्रका कृषकको एक लाख रुपैयाँ शेयर रकम पनि सहकारीमा फसेको उनले बताए । सहकारी बकैयामा ८/९ महिना मात्रै बसेको खुलाल बताउँछन् ।

यसैगरी, पुडासैनीले हाम्रो नयाँ कृषि सहकारी संस्था कृषक धेरै भएको ठाउँ र कृषिउपज उत्पादन हुने पकेटक्षेत्र हेरेर स्थापना गर्ने गरेको देखिन्छ । मकवानपुरको पश्चिमीक्षेत्रस्थित कृषिउत्पादनमा प्रचुर सम्भावना बोकेको मनहरी गाउँपालिका-४ हाँडीखोलालाई लक्षित गरी सहकारी संस्था स्थापना गरिएको थियो । २०७८ सालमै सहकारी मनहरी-३, पाल्दमारमा बसेर सेवा सुरु गरेको स्थानीय बताउँछन् । त्यसको दुई महिनापछि नै पाल्दमारबाट हाँडीखोलातर्फ कार्यालय लैजाने भनेर सामान लगेको स्थानीय सरोज अर्यालले जानकारी दिए ।

पुडासैनीले ऋण दिने, कृषिउत्पादन खरिद गरेर राम्रो मूल्य दिने प्रलोभन देखाएको अर्यालले बताए । मनहरीबाट ३ सय ७३ जना शेयर सदस्यको शेयर रकम ४ लाख र बचत हिनामिना भएको अर्यालले जानकारी दिए । उनकाअनुसार कृष्णप्रसाद पौडेलको ९ लाख ५० हजार, उत्तम सुवेदीको एक लाख, उत्तम अधिकारीको एकलाख र विशाल ब्लोनको एक लाख गरी जम्मा १६ लाख ६० हजार ३ सय रुपैयाँ उठाएर पुडासैनी सम्पर्कविहीन भएका थिए । पुडासैनीले मनहरीका धेरैजना कृषकलाई ठगेको मनहरी-३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिका-५, पिप्लेमा हाम्रो नयाँ कृषि सहकारी संस्था लिमिटेडको कार्यालय स्थापना भएको थियो । उपमहानगर पालिकाको सहकारी शाखाका अनुसार २०७८ सालमै पुडासैनीले सहकारीको सेवाकेन्द्र सञ्चालनका लागि अनुमति मागेका थिए । तर, उपमहानगरले शंका लागेपछि अनुमति नदिएको शाखाप्रमुख हिमप्रसाद पौडेलले जानकारी दिए । 'कागजपत्र हेर्दै शंका गर्ने ठाउँ पर्याप्त भेटिएको थियो । मैले काठमाडौं महानगरपालिकाको सहकारी शाखामा फोन गरेर सोधेपछि त्याहाँबाट कागजात जारी नभएको खबर आयो । यो फर्जी कागज रहेछ । मैले गाली गरेर फर्काइदिएको हो,' पौडेलले भने । हेटौंडाभित्रबाट हाम्रो नयाँ कृषि सहकारीका कारण समस्यामा परेको गुनासो हालसम्म नआएको उनले बताए ।

## कृषकलाई अनुदानमा कृषियन्त्र वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/थाहा नगरपालिका-३ मा रहेको शुभारम्भ कृषक सहकारी संस्थाले शनिबार एक कार्यक्रमबीच सदस्य कृषकलाई अनुदानमा कृषियन्त्र बितरण गरेको छ ।

कृषि विकास निर्देशनालय बागमती प्रदेशको व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रमअन्तरगत कृषि ज्ञानकेन्द्र चितवनसँगको सहकार्यमा ५० प्रतिशत अनुदानमा मिनि टिलर १० थान, सिंचाईको लागि पानी तान्ने सर्मसियल मोटर ६ थान, सिचाइ उपकरण, तौलकाँटा ७ थान स्प्रेयर पम्प १८ थान, गार्डेन पाईप ७५ केजी, ६/१२ को टनेल प्लाष्टिक ८ थान, तरकारीको बीउलगायत जैविक बिषादि बितरण गरिएको सहकारीका अध्यक्ष बिक्रम बिष्टले बताए ।

कृषकलाई कृषिकार्यमा सहज बनाउन र उत्पादनमा बृद्धि गर्न कृषियन्त्र उपकरणले सहयोग पुऱ्याउने भएकोले कृषि ज्ञानकेन्द्र चितवनसँग कार्यक्रम माग गरी कृषकलाई बितरण गरिएको अध्यक्ष बिष्टले बताए । कृषि सामग्री वितरण कार्यक्रम थाहा नगरप्रमुख बिष्णु बिष्टको प्रमुख आतिथ्यतामा भएको थियो । कार्यक्रममा निवर्तमान नगरप्रमुख लवशेर बिष्ट, वडाअध्यक्ष हिरेन्द्रकुमार रायमाझी, वडासदस्य कृष्णकुमार कार्की, कृषिप्राविधिक रोहिणी स्याङ्तानको उपस्थिति रहेको थियो ।

## गृहमन्त्री जोडिएको सहकारी ठगीमा छानबीनको विकल्प छैन: सभापति बानियाँ

साझाकुरा संवाददाता



हेटौंडा, २५ चैत/नेपाली कांग्रेस बागमती प्रदेशसभापति इन्द्रबहादुर बानियाँले मिश्रित निर्वाचन प्रणालीका कारण मुलुक अस्थिरताको भुमरीमा फसेको बताएका छन् ।

काठमाडौंको मध्यबानेश्वरमा आयोजित कार्यक्रममा सभापति बानियाँले अस्थिरताको अन्त्यका लागि अब प्रत्यक्ष निर्वाचित प्रणालीमा जानुपर्ने आवश्यक औंल्याए । 'केही दल ०८४ को निर्वाचनमा १ सय ५० सिट ल्याउँछौं भन्दै हिँडेका छन् । म ती दललाई भन्न चाहन्छु निर्वाचन प्रणाली बदलौं र प्रत्यक्ष जित्ने प्रणाली मात्र राखौं, अनि थाहा हुन्छ कसले कति सिट ल्याउन सक्छ,' सभापति बानियाँले भने ।

उनले रास्वपाका सभापति तथा गृहमन्त्री रवि लामिछाने जोडिएको सहकारी ठगीबारे संसदीय छानबीन समिति गठन गर्नुपर्ने बताए । रास्वपाका सभापतिसमेत रहेका गृहमन्त्री लामिछाने जोडिएको सहकारी ठगीमा संसदीय छानबीन समिति बनाउनुको विकल्प नरहेको सभापति बानियाँको भनाइ छ । कांग्रेसले सहकारीको ठगीबारे छानबीन गर्न बारम्बार समिति गठनको माग उठाइरहँदा पनि सरकारले बेवास्ता गरेको उनको भनाइ थियो ।

'कांग्रेसले सहकारी ठगीको विषयमा संसदीय छानबीन समिति गठनको माग गरिरहेको छ । तर, प्रधानमन्त्री र प्रहरीप्रमुख न्यायाधीशजस्तो बनेका छन् । एमाले छानबीन समिति बनाउन हुँदैन भनिरहेको छ,' उनले भने । सभापति बानियाँले अगाडि भने, 'कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले हिजो विपक्षीको पनि आवाजलाई सम्बोधन गऱ्यो । तर, कम्युनिस्टहरु लोकतान्त्रिक हुँदैनन् । त्यसैले जबर जस्ती गर्छन् । पेलेर जाने प्रयास गर्छन् । अहिले त्यही भइरहेको छ।'

उनले कांग्रेसलाई सुदृढ पार्टी बनाउने जिम्मेवारी पूरा गर्न युवाहरु गाउँ–गाउँ जानुपर्ने बताए । नयाँ पार्टीका बोली र व्यवहारमा कति फरक छ भनेर जनालाई देखाउनु र बुझाउनुपर्ने बानियाँको भनाइ थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

Education is the real treasure

ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9



Scholarships
a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

ENTRANCE
24 Chaitra 2080

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# शैक्षिक अक्षयकोष

सुन्दर उद्देश्यले स्थापना गरिएको एउटा अक्षयकोषको बारेमा यतिबेला मकवानपरे शिक्षाप्रेमीकाबीचमा चर्चाको बिषय बनेको छ । शैक्षिक सहयोग अक्षयकोष मकवानपुरको पाँचौं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारणसभामा सहभागीहरुले पबित्र उद्देश्यकासाथ स्थापना भएको कोषलाई अगाडि बडाउन सबैले सहकार्य गर्नुपर्ने बताएका छन् । शिक्षाको अवसरबाट कोही पनि बञ्चित हुन नपरोस् भन्ने पबित्र उद्देश्य रहेको यो कोषमा सबैको सहकार्य जरुरी रहेको छ । मकवानपुरमा आवश्यक्ताका आधारमा संस्था स्थापना भएकाले यसलाई जीवन्त बनाउँदै थप सुदृढ बनाउन सबैको प्रयास र प्रयत्न आवश्यक रहेको सहभागीले बताएका छन् । मकवानपुरमा शिक्षाको अवसरबाट बञ्चित विपन्न, अनाथ, विभिन्न कारणले अभिभावक गुमाएका, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाका लागि संस्थाले महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा भएको छ ।

छोटो समयमा संस्थाले सबै तह र क्षेत्रमा अनुकरणीय कार्य गरेको छ । विद्यार्थीलाई छात्रवृत्तिसँगै अभिभावकलाई पढाइप्रति प्रेरणाको खाँचो औंल्याउँदै यसतर्फ पनि ध्यान दिन संस्थालाई आग्रह गरिएको छ । यतिबेला विद्यालय उमेर समूहका बालबालिकाको पठन संस्कृति कमजोर बन्दै गएको छ । सामाजिक संजालमा भुल्ने, रमाउने बालबालिकाको संख्या अधिक रहेका कारण सामाजिक बिखण्डनको समस्या पैदा हुने अवस्था छ । आफ्नो घरमा पाहुनापासा आएको समयमा पनि बालबालिकाले सन्चो बिसन्चो सोधखोज गर्ने भन्दा पनि मोवाइलमा भुमिरहने अवस्था छ । कुराकानी गर्ने, अनुभव सेयरिङ गर्ने भन्दा पनि मोवाइलमै रम्ने अवस्था छ । त्यसैले पठनसंस्कृतिको विकास गर्ने सवालमा पनि अक्षयकोषले काम सुरु गर्नुपर्ने अवस्था छ । शिक्षाको अवरबाट बञ्चित विपन्न, असहाय अनाथ, विभिन्न कारणले अभिभावक गुमाएका, विस्तापित एवम् जोखिममा रहेका बालबालिकालाई न्युनतम शिक्षाको अवसर दिलाउने तथा शिक्षाका अन्य क्षेत्रमा समेत सहयोग पुऱ्याउने उद्देश्यका संस्था स्थापना भएको हो । संस्थाको अक्षयकोषमा हालसम्म करीब १६ लाख रुपैयाँ जम्मा भइसकेको छ । संस्थामा हालसम्म आजीवन सदस्य ८० जना, विशिष्ट सदस्य १० जना, साधारण सदस्य १७ जना र संस्थागत सदस्य २४ जना गरी कुल १३१ जना सदस्य आवद्ध भएका छन् । १६ लाख रुपैयाँको ब्याज आम्दानीबाट बालबालिकाको शिक्षामा सहयोग गर्ने कुरा सकारात्मक छ । तर, त्यो भन्दा पनि सामाजिक संजालले बालबालिकामा निम्तने खतराबाट जोगाउने बिषय झनै महत्वपूर्ण हुनसक्छ ।

बालबालिकामा सामाजिक संजालको अधिक लतका कारण देखिने असरमा संवेगात्मक असर नै हो । यो असरले उनीहरुको भावनामा नकारात्मक प्रभाव पार्छ । रुने, निरास हुने, स-सानो कुरामा पनि रिसाउने त्यस्तै उनीहरुको व्यवहारमा देखिने असरमा झर्किने, झगडा गर्ने, जिद्दीगर्ने, पढ्न, लेख्न नमान्ने जस्ता समस्या छन् । उनीहरु शारीरिक समस्या पनि देखिन्छन् । यसले गर्दा बालबालिकाको सम्पूर्ण विकासमा असर परेको छ । उनीहरुको सामाजिक विकासमा असर पर्छ । १८ वर्षमुनिका बालबालिकाको सामाजिक सञ्जालमा उपस्थिति ह्वात्तै बढेको छ । यो अत्यन्तै डरलाग्दो समस्याको विषय हो । एउटा स्कुले छात्राको फेसबुकमा पाँच हजारभन्दा बढी साथी हुनु के स्वाभाविक हो त ? सामाजिक सञ्जाल भनेको बालबालिकाको स्वस्थ्यकर विकासका लागि अत्यन्तै हानिकारक र बाधक तत्व हो । अभिभावक र विद्यालयले पनि आफ्ना अबोध नानीबाबुलाई सामाजिक सञ्जालमा भुलेर लिएको क्षणिक आनन्दभन्दा उनीहरुको दीर्घकालीन हितमा सोच्न ढिलाई भइसकेको छ । यसका लागि बहस गर्ने फोरमको आवश्यकता खड्किएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २७ गते मंगलबार ९ अप्रिल २०२४ । प्रतिपदा चैत शुक्लपक्ष । चौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४८, सूर्यास्त ६:२५ । संवत्सर (श्रीशाके)शुरु । निमको पात खाने ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नयाँ कार्ययोजना बन्नेछ | **तुला** | : व्यापार राम्रो चल्नेछ |
| **वृष** | : आकस्मिक लाभ हुनेछ | **वृश्चिक** | : मीठो खाने अवसर मिल्नेछ |
| **मिथुन** | : राम्रो अवसर गुम्नेछ | **धनु** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कर्कट** | : खर्च र दु:ख बढ्नेछ | **मकर** | : मनमा शङ्का बढ्नेछ |
| **सिंह** | : वस्त्र-भोजन प्राप्त हुनेछ | **कुम्भ** | : सञ्चित धन खर्च हुनेछ |
| **कन्या** | : योजना कार्यान्वयन हुनेछ | **मीन** | : आफन्तले कुरा काट्नेछन् |

# राजनीतिको उद्देश्य राज्य कब्जा कि राष्ट्र निर्माण ?



✍ डम्बर खतिवडा

कुरा गऱ्यो, कुरैको दु:ख । यो देशमा धेरै चिज त्यस्तै लाग्छन् । राजनीति गऱ्यो, राजनीतिकै दु:ख । विचार गऱ्यो, विचारकै दु:ख । व्यवसाय गऱ्यो, व्यवसायकै दु:ख । लगानी गऱ्यो, लगानीकै दु:ख । पार्टी बनायो, पार्टीकै दु:ख । काम गर्न खोज्यो, कामकै दु:ख । मित्र बनायो मित्रताकै दु:ख । जे चिज सुखका लागि होलान् भनेर गऱ्यो, अन्तत: त्यही थप दु:खको कारण भइदिन्छ । यति धेरै राजनीतिक रुचि, चर्चा र ज्ञान, यति धेरै दल, यति धेरै नेता/कार्यकर्ता, यति धेरै आन्दोलन, यति धेरै क्रान्ति, यति धेरै संघर्ष र बलिदान कमै देशको इतिहासमा भएका होलान् ।

एउटा पाटोबाट हेर्ने हो भने नगरेको केही छैन । गर्न बाँकी केही छैन । सबैथोक भएको, सबैथोक गरेको देखिन्छ । अर्को पक्षबाट हेर्दा के गरियो ? के भयो ती कर्महरूबाट ? कस्तो आयो नतिजा ? के आयो परिणाम ? के यस्तै देश, यस्तै समाज व्यवस्था, यस्तै प्रणाली, यस्तै अर्थतन्त्र, यस्तै भ्रष्ट र अक्षम प्रशासन, यस्तै संस्कार संस्कृतिका लागि थिए ती संघर्ष, बलिदान, क्रान्ति र आन्दोलन ? जस्ता प्रश्न बलिया भएर आउँछन् अगाडि । यो पक्षबाट हेर्ने हो भने कोही सन्तुष्ट हुन सक्दैन ।

सायद तिनको मनभित्र पनि कुनै न कुनै प्रकारको ग्याप, रिक्तता, शून्यता, पाप, अपराध वा पश्चात्तापबोध आवश्यक होला, जो नेतृत्व, सत्ता र शक्तिमा भएको भ्रममा बाँचेका छन् । जीवनमा ठूल्ठूला पदमा पुगेको, सफल राजनीति गरेको अभिमान बोकेर हिंडेका छन् ।

के ओली खुशी छन् ? के देउवा खुशी छन् ? के प्रचण्ड खुशी छन् ? के माधवकुमार नेपाल, झलनाथ खनाल, डा. बाबुराम भट्टराई खुशी छन् ? के उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतो खुशी छन् ? के ज्ञानेन्द्र शाह, कमल थापा, राजेन्द्र लिङ्देन खुशी छन् ? यिनै त होलान् यो देशको शक्ति संरचनाका ठूला मान्छे । यिनै त होलान् यो देशको शक्ति संरचनाको पिरामिडमा उपल्लो तहमा भएका मान्छे । यिनै त होलान् यो राज्यको शक्ति सम्भ्रान्तको वृत्त ।

के यिनलाई फदयमा साँच्चै लाग्छ कि उनीहरूले आ-आफ्नो समयमा राम्रो देश बनाए ? सुशासन दिए ? भ्रष्टाचार रोके ? आर्थिक विकास गरे ? नागरिकलाई सुख दिए ? देशलाई चाहिने सामयिक नीतिगत परिवर्तन गरे ? कुनै त्यस्तो प्रखर र प्रष्ट देखिने काम गरे, जसले गर्दा सन्तोषको सास फेरेर मर्न पाइयोस् !

मलाई लाग्दैन कि त्यस्तो भएको छ वा होला । एक से एक पीडा, कुण्ठा, उद्विग्नता, हीनता, लघुता र रिक्तताबोधमा बाँचेका देखिन्छन् यी । यी सबैको फदयमा असीमित पीडा र पश्चात्ताप छ । रिक्तता वा शून्यता छ । ग्याप, दूरी वा खाडल छ । कहिल्यै नभरिने दु:ख, कहिल्यै नपुरिने असन्तोष, मर्दा एक मुट्ठी सास राम्ररी नजाने घिडघिडो बोकेर बाँचेका छन् यी । मुखले स्वीकार नगर्लान् तर उनीहरूको व्यवहार र बोलीमा व्यक्त हुने सत्य यही हो । अभिव्यक्त हुने यथार्थ यही हो । अनुहारको भावभंगिमाले पुष्टि गर्ने प्रकल्पन यही हो ।

एकअर्कालाई गालीगलौज गरेर, आलोचना गरेर, दोष पन्छाएर, पानीमाथिको ओभानो भएर आ-आफ्ना असन्तोष र रिक्ततालाई मेट्न, छोप्न खोजिरहेका हुन्छन् यी । नत्र किन त्यसो गर्छन् ? कुन सुखका लागि ? कुन लक्ष्य, उद्देश्यका लागि ? कुन महानता, वीरता र धीरताका लागि ? बरु तराईको भदौरे घाममा हलो जोत्दै गरेको किसान सन्तुष्ट होला, यी असन्तुष्ट छन् । हुम्ला-जुम्लाका जोखिमपूर्ण 'भर्जिन ट्र्याक' मा गाडी कुदाइरहेका ड्राइभर सन्तुष्ट होलान्, यी असन्तुष्ट छन् । बरु कर्णाली र सुदूरपश्चिमका पहाडबाट निस्केर भारतका शहरमा दरबान र कुल्ली गरिरहेका गरिब, श्रमिक सन्तुष्ट होलान्, यी असन्तुष्ट छन् । बरु पहाडका पीरपाखामा घाँस-दाउरा गरिरहेका महिला सन्तुष्ट होलान्, यी असन्तुष्ट छन् । वचन, असफलता र निराशाले देखाउँछ कि यी संसारकै दु:खी र असन्तुष्ट आत्ममध्येका हुन् । राजनीति गर्नेहरूमा, नेतृत्व गर्नेहरूमा यो ग्याप किन छ ? मलाई लाग्दछ कि यो राजनीतिको उद्देश्यबाट नि:सृत छ ।

मनमा लागेको, यसो विश्लेषण गरिटोपलेको मात्र हैन, नजिकबाट नियालेको, हेरे/भोगेको, प्रत्यक्ष/परोक्ष संगत गरेको हो यी मान्छेसँग, यिनको चित्तवृत्ति, आकांक्षा र महत्वाकांक्षाको स्तर, गुणस्तर छामेको आधारमा दाबीका साथ भन्न सकिन्छ- यिनले राजनीतिको उद्देश्य नै सानो बनाए ।जसले आफ्नो चित्त नै सानो बनाउँछ, आकांक्षा नै संकुचन गर्दछ, त्यसको अस्तित्वको फैलाव ठूलो, लामो र बृहत् हुन सम्भव नै हुँदैन ।

यो विरोधाभासभित्रको चुरो कुरा के हो भने राज्य कब्जालाई यिनले राजनीतिको उद्देश्य र जीवनको लक्ष्य बनाए । खासमा राजनीतिको उद्देश्य राष्ट्र निर्माण हुनुपर्दछ, राज्य कब्जा हैन । राज्य कब्जा भयो, शक्ति हात पऱ्यो, पद प्राप्त भयो, सार्वजनिक स्रोत-साधन जगन्नाथ भयो, यी खुशी हुने भए, क्षणिक । तर, ती चिज गुम्यो फेरि त्यही उद्विग्नता, उही असन्तुष्टि । यस्तो किन हुन्छ ? किनकि यहाँ राजनीतिक सफलताको मापदण्ड राज्य कब्जा, सत्ता कब्जा, शक्ति हत्याउने, स्रोत-साधन हत्याउने मात्र भएको छ ।

यदि राष्ट्र निर्माण राजनीतिको उद्देश्य हुन्थ्यो, राजनीतिक जीवन लक्ष्य हुन्थ्यो भने नेतृत्व पंक्ति यति तल गिर्न सक्दैनथ्यो । यति स्वार्थी, लोभी, पापी, पाखण्डी, अनैतिक र अवसरवादी हुन सक्दैनथ्यो । हरेक चिजको मानक यहाँ सत्ता कब्जासँग जोडिएको हुन्छ, कुनै निष्पक्ष, तटस्थ, विवेकसम्मत, नैतिक साक्षीभावसँग हैन । न्याय र मूल्य प्रणालीसँग हैन । यदि सत्ता कब्जामा सहयोगी बन्छ भने जसले जसको पनि प्रतिरक्षा गर्दछ । जसले जससँग पनि घाँटी जोड्दछ । जो जसको कित्तामा उभिन राजी हुन्छ, रातारात, एकाएक ।

उपेन्द्र यादव, राजेन्द्र महतो र महन्थ ठाकुर एमाले अध्यक्ष केपी शर्मा ओलीको पोल्टामा हुनु स्वाभाविक हुन्छ कुनै बेला, जबकि यी एमालेका लागि अवैचारिक र विजातीय मानिन्छन् । यी कुनै बेला एमालेलाई संघीयता र मधेश विरोधी भनेर सत्तोसराप गरिरहेका हुन्छन् । कुनै बेला ओलीको सरकार जोगाउन, सरकारको मन्त्री खान, एमालेसँग गठबन्धन र तालमेल गर्न तँछाडमछाड गरिरहेका हुन्छन् ।

नयाँ पार्टी अस्तिसम्म ओली, देउवा र प्रचण्डलाई बडो ठूलो टाउकोदुखाइको विषय थियो । अहिले अब राज्य कब्जाको सहयोगी बन्यो, सात खत माफी भयो । सहकारी पीडितहरू सडकमा रुँदैछन् । दैनिक तिनै नेता कहाँ बिन्तीपत्र बोकेर धाइरहेका छन् । बाल मतलब छैन । सत्ता कब्जाका लागि जो सहयोगी छ, सरकार टिकाउन जो टेको बन्न सक्दछ, त्यो मात्र आफ्नो हो । बोलीको कुनै ठेगान छैन कसैको, आज एउटा, भोलि एउटा । चुनावमा एउटा चुनावपछि अर्कै । भोट बटुल्दा एउटा, जित्ने बित्तिकै अर्कै । चुनावमा 'नो नट् अगेन' । चुनाव सकिने बित्तिकै 'एस, वान्स अगे' । निर्लज्जताको पराकाष्ठा ! प्रतिपक्षमा हुँदा सरकारले अपराधी लुकायो भनेर भाषण ठोक्यो । सरकारमा हुँदा आफैं अपराधी लुकायो । दोहोरो मापदण्ड र पाखण्डको पराकाष्ठा !

यो सबै चिजको अन्तर्यमा के छ त ? त्यही राज्य कब्जाको सोच ? किन यति तल निर्लज्जतापूर्वक गिर्न तयार छन् मान्छे ? त्यही राजकीय पद प्राप्तिको आकांक्षा ।तर, त्यसका के त्यस्तो सुख छ ? के त्यस्तो ठूलो प्राप्ति छ ? छैन । तर, सानो चिजलाई उद्देश्य र लक्ष्य बनाएपछि लडाइँ पनि त्यसैका लागि हुने त हो ! दुर्भाग्यको कुरा हो कि यो देशको राजनीतिमा राष्ट्र निर्माणको सोच र भावनाले कहिल्यै महत्व, प्राथमिकता पाएन-हिजो पनि, आज पनि ।

शाही दरबारभित्र हुने षडयन्त्र, काटमार, धोकाधडी, छलछाम, पारिवारिक रडाकोको सार त्यही थियो- राज्य कब्जा। राज्य कब्जाको सोचले नै रणबहादुर शाह जस्ता सनकी राजा जन्मिएका थिए । राज्य कब्जाको सोचले नै थापा-पाँडे जस्ता दरबारियाहरूको लामो झगडा चल्यो । राज्य कब्जाको सोचले नै राजेन्द्र-राज्यलक्ष्मी जस्ता नालायक राजा-रानी जन्मिए। राज्य कब्जाको सोचले कोत पर्व भयो । राज्य कब्जाको सोचले २०१७ सालको 'कु' गरियो । राज्य कब्जाको सोचले नारायणहिटी दरबार हत्याकाण्ड भयो ।

नेपाली कांग्रेसभित्र मातृका र बीपी, गिरिजाप्रसाद र किसुनजी बीचको अन्तर्घातको सार पनि त्यही राज्य कब्जा थियो । कम्युनिस्टहरूको बारम्बारको टुट, फुट र गुटको सार पनि पार्टी सत्ता कब्जा, राज्य कब्जा नै हो । राज्य कब्जा, राज्य कब्जा, राज्य कब्जा ! आखिर प्रचण्ड नेतृत्वको माओवादी युद्धको अन्तिम सार पनि त्यही राज्य कब्जा रहेछ, राष्ट्र निर्माण हैन । यदि प्रचण्ड साँच्चै कम्युनिस्ट, माओवादी र राष्ट्र निर्माणको सोचबाट प्रेरित नेता हुन्थे त आज ओली र देउवाबीचको पेन्डुलम, एमाले र कांग्रेसबीचको पल्टुराम हुने थिएनन् । त्यो नियति स्वीकार्य नहुनुपर्ने हो उनलाई । तर, सहर्ष स्वीकार्य छ ।

क्रान्तिकारी हुनेको स्वाभिमान र गरिमा भिन्नै हुन्छ । मर्यादा र आदर्श भिन्नै हुन्छ । क्रान्तिकारी हुनुको इतिहास चेतना र गौरव-गाथा भिन्नै हुन्छ । क्रान्तिकारीहरू बरु मर्छन्, सजिलै झुक्दैनन् । क्रान्तिकारीहरू बरु जेलमा सड्न राजी हुन्छन् तर सजिलै बिक्दैनन् । क्रान्तिकारीहरू बरु फाँसीमा झुन्डिन तयार हुन्छन् तर पदको सौदाबाजी गर्दैनन् । ती मान्छे जो क्रान्तिकारीले गर्न नहुने सबै काम गर्दछन् भने यो बुझ्नुपर्दछ कि यथार्थमा क्रान्तिकारी थिएनन् । ती पदका भोका थिए । ती क्रान्तिकारी हुनुको पाखण्ड गर्दै थिए । राज्य कब्जा नै तिनको चिन्तनको स्रोत थियो, राष्ट्र निर्माण हैन । पद, प्रतिष्ठामै तिनको आसक्ति थियो, मानवता र उदात्त भावनामा हैन । राष्ट्र निर्माणको सोच र आदर्शले प्रेरित मान्छे त्यति सजिलै कहाँ झुक्छ ? त्यति सजिलै कहाँ बिक्छ ? त्यति सजिलै पेन्डुलम र पल्टुराम किन स्वीकार गर्दछ ?

अक्सर हामी 'देश', 'राज्य' र 'राष्ट्र' लाई एउटै अर्थमा, पर्यायवाची शब्दका रूपमा बुझिदिन्छौं । यहीबाट राजनीतिक सोच र समझको समस्या शुरु हुन्छ । मेरा एक मित्र छन्- प्रशान्त सिंह । उनले आफ्ना भाषण, प्रवचनमा 'देश', 'राज्य' र 'राष्ट्र' बीचको अन्तर सम्बन्ध र भिन्नतालाई बडो सजिलो गरी बुझाउने गर्दछन् । भूगोलमा भूगोल जोडेर सिमानाको अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नु देश हो । देशमा शासन जोडियो भने राज्य हुन्छ । राज्यमा नागरिक सर्वोच्चता वा केन्द्रीयता स्थापित भयो भने त्यो राष्ट्र हुन्छ । सूत्रमा भन्दा भूगोल जोड भूगोलले अन्तर्राष्ट्रिय मान्यता पाउँदा देश हुन्छ । देश जोड शासन राज्य हो । राज्य जोड नागरिक सर्वोच्चता राष्ट्र हो । यो सूत्र र परिभाषाबाट हेर्दा पृथ्वीनारायण शाहले देश बनाएका हुन्, राज्य, राष्ट्र बनाएका होइनन् । राज्य त पाँच हजार वर्ष अघिदेखि थियो यहाँ । राज्य न शाहले, न राणाले, न पञ्चले, न कांग्रेस, न कम्युनिस्टले, न मधेशकेन्द्रित शक्तिले बनाएका हुन् ।

इतिहासका अनेक कालखण्डमा अनेक राज्य थिए । प्राचीनकालमा नेपालमण्डल, मिथिला, कपिलवस्तु, खस साम्राज्य थिए । मध्यकालमा तिरहुत, सेन, लिम्बुवान अनेक राज्य थिए । स्वयं अहिलेको नेपाल ५४ राज्य मिलेर बनेको हो । राज्यको कहिले के कमी थियो यहाँ ? राज्य सञ्चालन गर्न चाहने, शासक हुन चाहनेहरूको कहिले के कमी थियो यहाँ ? त्यस्ता त सधैं थिए । प्रश्न त राज्यको चरित्रको हो, राष्ट्र निर्माणको हो ।

राज्य निर्माणको जस अहिलेका कुनै राजनीतिक शक्तिले दाबी नगरे हुन्छ । राज्य छँदै थियो । यो स्वीकार गर्नुपर्दछ कि देश शाहवंशको पालामा बन्न थालेको हो, सुगौली सन्धि र जंगबहादुरको पालासम्म त्यो जारी थियो । तर, राष्ट्र ? राष्ट्र त अहिलेसम्म पनि बनेकै छैन । आजको राजनीतिको मुख्य उद्देश्य, मुख्य कार्यभार राष्ट्र निर्माण हुनुपर्ने हो । तर, दुर्भाग्य हाम्रा यावत् प्रयत्न राज्य कब्जामा सीमित छन् ।

हाम्रा राजनीतिक शक्ति र नेतृत्व वृत्तको गुणस्तर यति कमजोर छ कि त्यसले राष्ट्र निर्माण र राज्य कब्जा बीचको भिन्नता नै छुट्याउन सक्दैनन् । राज्य कब्जाको भागदौड, हाँपझाँप, छिनाझपट, षडयन्त्र र अस्वस्थ प्रतिस्पर्धालाई नै हामीले राजनीति बुझेका छौं ।

दु:खको कुरा यो हो कि देशमा राष्ट्र निर्माण गर्न चाहने राजनीतिक शक्ति नै छैन । एक भयानक शक्ति शून्यता र रिक्तताको युगमा बाँचिरहेका छौं हामी । यही कारण हो कि सबैको फदयमा नभरिएको एक खाली ठाउँ छ । नपुरिएको एक चहऱ्याउने घाउ छ । कहिल्यै सन्तुष्ट हुन नसक्ने एक अतृप्त आत्मा छ । कहिल्यै नअघाएको भोको हंस छ ।

यो रिक्ततालाई हामी सत्ता कब्जाको प्रयत्नबाट भर्ने, पद प्रतिष्ठाको राजनीतिबाट पुर्ताल गर्ने प्रयासमा छौं, जो असम्भव हो । कुरा यो कहिल्यै र किमार्थ हुने छैन । सत्ता कब्जाको राजनीति म्युजिकल चेयरको खेल झैं क्षणिक हो । एक सस्तो हर्कत, एक आत्मतुष्टि, एक महाभ्रम !

यदि हामी सार्थक, सुन्दर, नैतिक, परिणाममुखी र सन्तोषको सास फेरेर मर्न सकिने राजनीति गर्न चाहन्छौं भने सबैले राज्य कब्जाको चाहना छोड्नुपर्दछ । राष्ट्र निर्माणको राजनीतिमा प्रवृत्त हुनुपर्दछ । राष्ट्र निर्माणको राजनीति राज्य-कब्जाको राजनीति जस्तो क्षणिक हैन, दीर्घकालीन सोच, दूरदृष्टि र मिसनमा आधारित हुन्छ ।

राष्ट्र निर्माणको राजनीतिमा पद नपाएरै, चुनाव नजितेरै पनि अमर हुन सकिन्छ । जस्तो कि गान्धी भए, मण्डेला भए, गणेशमान सिंह भए । मानव जीवनको सार्थकता उसको लक्ष्य, उद्देश्यको बृहत्तता वा व्यापकता हो । यो बुझौं कि राज्य कब्जाको राजनीतिले पद, तलब, भत्ता र सुविधा दिन्छ । क्षणिक शान, अभिमान दिन्छ । गाडी, क्वार्टर र सेलुट दिन्छ । तर, आत्मगौरव र सन्तुष्टि दिँदैन । अझ ठूलो कुरा नीचता र पतनको त्रासद कथा लेख्छ त्यसले, इतिहासमा गौरव-गाथाको अध्याय थप्दैन । राष्ट्र निर्माण गर्न गौरवपूर्ण इतिहास शृंखला चाहिन्छ, बारम्बार दोहोरिने पतनका कथा र मजाक हैन । *(साभार: अनलाइनखबर)*

# महाजात्रा : विकृत राजनीतिको विम्ब

✍ चिरञ्जीवी मास्के

वि.सं. २०४५ तिर म काठमाडौं झरेको हुँ कलेज पढ्न । फिल्मको बहुत सौखिन । मैतिदेवीमा कविता, कस्तुरी, कमल, कान्ति दिदीहरु, केविन, किशोर भाइ र अरु धेरै साथीहरुसँग फुर्सद मिल्यो कि फिल्म हेर्न सिनेमा हलतिर दौडिहाल्ने । कुमारी, विश्वज्योति, रञ्जना, जय नेपाल चल्तीका सिनेमा हल थिए त्यति बेला । पछि गोपीकृष्ण हल बन्यो । एउटै भवनमा दुईवटा सिनेमा घर- गोपी र कृष्ण । त्यही ताका बनेपामा मयूर सिनेमा हल खुल्यो । राजेश हमालको पहिलो फिल्म युगदेखि युगसम्म बनेपाको गोपीकृष्ण हलमा पुगेर हेरेको सम्झना ताजै छ । रामकृष्ण कायस्थ र किरण श्रेष्ठ हुनुपर्छ साथी त्यति बेला ।

रामकृष्ण, किरण र मैले काठमाडौंको विश्वज्योति, कुमारी, रञ्जना र जय नेपाल सिनेमा हलमा निकै फिल्म हेरेका छौं । त्यही ताका भृकुटीमण्डपका साना भिडियो हलमा मिथुन चक्रवर्तीको गुरु, वक्त्ती कि आवाजजस्ता फिल्म नेपालमा चलेको पहिलो दिन, पहिलो शो हेरेको मजा अहिलेसम्म पनि स्मरणीय लाग्छ । फिल्मको इन्टरवलमा मुरली मकै, चिजबल र चिसो पेयपदार्थको सेवनले बहुतै मोहित बनाउँथ्यो उति बेला । झन्डै ३५ वर्षपछि ०८० चैत्र ११ गते होली पर्वको दिन बानेश्वरको 'वन सिनेमा हल'मा 'महाजात्रा'को इन्टरवल चलिरहँदा पत्रकार गोकर्ण भण्डारीले मुरली मकै र चिजबलको मिक्स नास्ता बोकेर आउँदा उति बेला साथीभाइ र दिदीहरुसँग रमाएको याद आयो । प्रविधिको विकासले सिनेमा हल र सिनेमाको निर्माणमा फड्को देखिए पनि मुरली मकै र चिजबलको स्वादले अतीतको यादलाई दुरुस्तै उतारिदिएको छ ।

**अब कुरा "महाजात्रा"को :**

नेपालको राजनीति भ्रष्टाचारले थिलथिलो भएको बेला प्रदीप भट्टराईले 'महाजात्रा' ल्याएका छन् । र, 'महाजात्रा'मा पुण्यप्रसाद (हरिवंश आचार्य) भ्रष्टाचारमा लिप्त राजनीतिज्ञको अवतारको रुपमा अवतरित भएका छन् सिनेमाको पर्दामा ।

'महाजात्रा' एउटा कथा हो । तर नेपाली राजनीतिमा 'महाजात्रा'को त्यही कथा तथ्यको कवचमा जनताको दाइँ गर्न उद्यत् देखिएको छ । पुण्यप्रसादले इमान बेचेर पार्टी चलाउँदै राजनीति गरेको तथ्य नेपाली राजनेताहरुमा मिल्छ कि मिल्दैन ? त्यसको छिनोफानो यो लेखकले गर्न सक्दैन । अनि राजनीतिमा इमानको खडेरी परेको सत्यलाई पनि यो लेखकले हिडन गर्न सक्ने सामर्थ्य राख्दैन ।

पुण्यप्रसादको राजनीतिमा पैसाले बटुलिएको लोकप्रियता, प्रशंसा र इमान, सत्यको बलेसीबाट झरेको तप्केनीले क्रमश: नङ्ग्याउँदै लगेको कथासँग नेपाली राजनेताहरुको जीवनीको मेल एउटा संयोग मात्र पक्कै हैन, यो कुरा 'महाजात्रा'ले जसरी निर्धक्क बोलेको छ, यो लेखक पनि त्यसमा समर्थन गर्ने सामर्थ्यमा भने कमजोर छैन ।

फणीन्द्र (विपिन कार्की) को पारिवारिक झमेला, जोयस (रवीन्द्रसिंह बानियाँ) को आमाको सपना र मुन्ना (रवीन्द्र झा) को श्रीमतीको अवस्थाले उनीहरुलाई अपराधको दलदलमा भसाएको छ । अनि आर्थिक जर्जरमा अघि बढेको नेपाली समाजमा तमाम मध्यम बर्गीय परिवारले भोगेको पीडाको प्रतिनिधित्व गरेका छन् उनीहरुले 'महाजात्रा'मा ।

राजाराम पौडेल र शिशिर वाङदेलको दलाल र गुण्डाको अवतार पनि नेपाली समाजमा बाँचेका पात्रहरु नै हुन्, जसले राजनीतिज्ञलाई अपराध र तस्करीको भूमरीमा नराम्रोसँग घुमाइरहेको छ । समाज परिवर्तनको सपना साँचेर युवा अवस्थामै राजनीतिमा प्रवेश गरेका पुण्यप्रसादलाई तिनै राजाराम र शिशिर वाङदेलजस्ता चरित्रले मानसिकरुपमा परिवर्तन गर्दै इमानदार अपराधी बनाउन सफल बनेको देखिन्छ ।

आपराधिक मनोवृत्ति जन्मजात उपहार पक्कै हैन । आमाको गर्भमा रहँदाको परिवेशले मानिसलाई प्रभाव पार्दैन तर जन्मपछिको पारिवारिक पृष्ठभूमि र विशेष गरी सामाजिक परिवेशले मानिसलाई कस्तो बनाउँछ भन्ने कुराको छिनोफानो गर्दछ। त्यसमाथि आर्थिक जर्जरताले सामाजिक पृष्ठभूमिअनुसार अघि बढ्न थप प्रेरित गरिरहन्छ । 'महाजात्रा'को कथाले बोकेको सन्देश यही नै हो ।

कथा, कल्पनाको साहित्यिक कलेवर मात्र हैन यथार्थताको सुन्दर प्रस्तुति पनि हो । धेरै मानिसले कथाभित्र काल्पनिक मिठास मात्र खोजिरहेका हुन्छन् । तर हरेक कथाले सामाजिक यथार्थतालाई प्रस्तुत गरिरहेको हुन्छ । त्यो प्रस्तुति पीडादायी हुन सक्छ, रोमाञ्चक हुन सक्छ, आपराधिक हुन सक्छ वा मनोरञ्जनात्मक हुन सक्छ । 'महाजात्रा'मा पीडा, अपराध, मनोरञ्जन, रोमाञ्च सबै परिकारसहितको तथ्यपरक सामाजिक यथार्थपरक कथा बुनिएको छ । र, त्यही तथ्य कथामा हरिवंश आचार्य, विपिन कार्की, रवीन्द्रसिंह बानियाँ, रवीन्द्र झा, राजाराम पौडेल, शिशिर वाङ्देल, अर्जुनजंग शाही, वर्षा राउत, दिव्यदेवजस्ता कलाकारहरुले विभिन्न पात्रहरुको भूमिकामा आफूलाई न्यायपूर्ण ढङ्गले प्रस्तुत गरिरहेका छन् ।

'महाजात्रा' शुरु भएपछि धेरैले हरिवंश आचार्यको आलोचना गरेको सुनियो । प्रदीप भट्टराईले हरिवंश आचार्यको दुरुपयोग गरेको आरोप पनि दर्शकहरुबाट मुखरित भएका छन् । तर मलाई त्यस्तो लागेन । 'महाजात्रा'मा हरिवंश आचार्यले बाँच्नुभएको पुण्यप्रसाद पात्र नेपाली राजनीतिको मुख्य प्रतिनिधिपात्र नै हो र त्यो पात्रमा उहाँले न्याय गर्नुभएको छ। तर एउटा कुराचाहिँ के सत्य हो भने, हरिवंश आचार्य जोडिएको सिनेमा औसतभन्दा माथि उठ्नुपर्ने दर्शकको अपेक्षा भने पूरा नभएकै हो। मदनकृष्ण श्रेष्ठ-हरिवंश आचार्यको सिने कथाहरुमा पीडालाई हास्यरसमार्फत दर्शकको मनमस्तिष्कमा जसरी स्थापित गरिन्थ्यो, त्यो कुरा 'महाजात्रा'मा भेटिएको छैन । त्यसैले पनि दर्शकहरुले 'महाजात्रा'मा हरिवंश आचार्यको दुरुपयोग भएको ठानेको हुनुपर्छ। 'महाजात्रा'मा कथाअनुसारको पात्र बाँच्ने कुरामा विपिनदेखि वर्षासम्मको अभिनय भने प्रशंसनीय छ ।

क्रमश: पृष्ठ-३...

# १० वर्षमा कारागारभित्र ६२७ कैदीबन्दीले गुमाए ज्यान



काठमाडौं/बाँकेको नेपालगञ्ज कारागारमा गत बुधबार बिहान एक कैदीबन्दीको मृत्यु भयो । कारागारका जेलर अर्जुनजंग शाहका अनुसार नेपालगञ्ज उपमहानगर पालिका-८ का ६६ वर्षीय अब्दुलवारी जोलाह एक्कासी बिरामी परेपछि भेरी अस्पताल लगिएको थियो । अस्पताल पुऱ्याउनासाथ चिकित्सकले मृत घोषणा गरेका थिए ।

१७ पुसमा जबर्जस्ती करणीको आरोपमा पक्राउ परेका जोलाहलाई बाँके जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा राखिएको थियो । उनको मृत्यु फदयघातका कारण भएको अस्पताल प्रशासनको दाबी छ । जोलाहको मृत्यु हुनुभन्दा चार दिनअघि १७ चैतमा सुनसरीको झुम्का कारागारमा अर्का कैदीबन्दीको शंकास्पद मृत्यु भयो । कर्तव्य ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका खोटाङको साकेला गाउँपालिका घर भएका ४२ वर्षीय न्यायाधीश राई कारागारभित्रै मृत अवस्थामा भेटिएका थिए ।

उनका दाइ सुवासले भाइको शरीरमा निलडाम देखिएको भन्दै हत्या भएको भन्दै शव बुझ्न मानेका थिएनन् । झुम्का कारागारका जेलर ध्रुव कोइरालाले भने राईको उपचारको क्रममा मृत्यु भएको दाबी गरेका छन् । उनको परिवारले शव जिम्मा लिइसकेको उनले जानकारी दिए । दुबै कैदीबन्दीको मृत्यु उपचारका क्रममा भएको कारागार प्रशासनको दाबी छ ।

मृत्युको तथ्यांकले कारागार कार्यालयहरु कैदीबन्दीका लागि सुरक्षित नभएको देखाउँछ । कारागारले न्यूनतम मापदण्ड समेत पालना नगर्दा कैदीबन्दीले समस्या भोगिरहेको, बिरामी हुने र समयमा उपचार नपाउने देखिएको छ । मानव अधिकार आयोगको वर्ष पुस्तक २०७९/८० मा समेटिएको कारागारहरुको अध्ययन रिपोर्टमा कारागार असुरक्षित बन्दै गएको उल्लेख गर्दै लेखेको छ, 'कैदीबन्दी बिरामी हुँदा समेत उपचारको राम्रो प्रबन्ध भएको देखिएन ।'

आयोगले उल्लेख गरेजस्तै हालसालै मृत्यु भएका यी दुई कैदीले समयमै उपचार नपाएको पीडित पक्षका परिवारको दाबी छ । यद्यपि दुबै कारागारका जेलर यो कुरा मान्न तयार छैनन् । 'हामीले समयमै उपचारका लागि पठाएका हौं । उपचारकै क्रममा न्यायाधीश राईको मृत्यु भएको हो', झुम्का कारागारका जेलर कोइरालाले दाबी गरे । दुई कैदीबन्दीको मृत्यु घटना संसदमा पुगिसकेको छ । कैदीबन्दी न्यायाधीश राईको मृत्यु भएपछि राष्टि्रय स्वतन्त्र पार्टीकै सांसद सोबिता गौतमले प्रतिनिधि सभाको बैठकमा बोल्दै राज्यले कैदीबन्दीका लागि मानव अधिकार ख्याल नै नगरेको बताइन् ।

४ वर्षको अवधिमा २ कैदीबन्दीका मात्रै होइन पछिल्लो १० वर्षको तथ्यांक केलाउने हो भने हरेक वर्ष ६२ जना भन्दा बढी कैदीबन्दीले ज्यान गुमाउँदै आएका छन् । अर्थात हरेक महिना ५ जना भन्दा बढी कैदी बन्दीको मृत्यु हुने गरेको तथ्यांक छ ।

**१० वर्षमा ६२७ कैदीको मृत्यु**

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार पछिल्लो १० वर्षको अवधिमा ६ सय २७ कैदीबन्दीले ज्यान गुमाएको देखिएको छ । आर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७९/८० सम्मको अवधिमा ६२७ कैदीबन्दीले ज्यान गुमाएका छन् । त्यसमा पनि सबैभन्दा बढी काठमाडौं उपत्यकाको कारागारमा कैदीबन्दीले ज्यान गुमाएका छन् । काठमाडौं उपत्यकाको डिल्लीबजार कारागार, केन्द्रीय कारागार सुन्धारा र ललितपुरको नख्खु कारागारका २९४ कैदीको मृत्यु भएको प्रहरीको तथ्यांक छ ।

उपत्यकाकै कारागारमा सबैभन्दा बढी मृत्युको दर हुनुमा उपचार नै नपाएर भन्दा पनि कालगतिले मृत्यु भएको बुझ्नु पर्ने दाबी कारागार व्यवस्थापन विभागका निर्देशक समेत रहेका प्रवक्ता कमलप्रसाद पाण्डेले दाबी गरे । 'उपत्यकामा अस्पतालको खाँचो हुने भएन । पुऱ्याउन पनि समय लाग्ने भएन । यति हुँदा पनि मृत्युको दर बढी हुनुलाई स्वाभाविक मृत्युसँग जोडेर हेर्नुपर्छ', पाण्डेले संचारकर्मीसँग भने । त्यसपछि सबैभन्दा बढी कोशी प्रदेश अन्तर्गतका कारागारमा १५५ जना कैदीबन्दीको मृत्यु भएको छ । कोशी प्रदेशका १४ कारागारमध्ये पनि मोरङ कागारमा बढी कैन्दीबन्दीको मृत्यु भएको पाइएको छ । मोरङमा २०७८ सालमा एक वर्षको अवधिमा मात्रै १९ जना कैदीबन्दीको मृत्यु भएको थियो । मतृक एक कैदीबन्दीको पनि पोष्टमार्टम नभएको भन्दै त्यतिबेला कारागार प्रशासनको आलोचना समेत भएको थियो ।

त्यसैगरी पछिल्लो १० वर्षको अवधिमा बागमती प्रदेश अन्तर्गतका कारागारमा रहेका ६१ जना कैदीबन्दीले ज्यान गुमाएका छन् । मधेश प्रदेश अन्तर्गतका कारागारमा रहेका ५० जना, लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाका कारागारहरुमा २९ जना, गण्डकी प्रदेश अन्तर्गत जिल्लाका कारागारहरुमा १२ जना, सुदूरपश्चिम प्रदेश अन्तर्गतका जिल्ला कारागारका ६ जना र कर्णाली प्रदेश अन्तर्गत जिल्लाका कारागारहरुमा २ जना गरी पछिल्लो १० वर्षको अवधिमा ६२७ कैदीबन्दीको मृत्यु भएको पाइएको छ ।

मृत्यु भएकामध्ये १८ जना महिला र ६०९ जना पुरुष छन् । उनीहरु मध्ये केहीको हत्या भएको छ केहीको कालगतीले मृत्यु भएको बताइएको छ ।

**कैदीबाटै विष सेवन गराएर समेत हत्या**

कैदीबन्दीबाटै कैदीहरु असुरक्षित हुने गरेका छन् । काठमाडौं उपत्यकाकै नख्खु कारागारमा सिरियल किलर तथा नेपाली चार्ल्स शोभराज भनेर चिनिएका अभिषेक सिंहले अर्का कैदीबन्दीको हत्या गरेका थिए ।

२१ वैशाख २०७५ मा नख्खु कारागारभित्रै भक्तबहादुर सुनुवार मृत अवस्थामा भेटिएका थिए । शंकास्पद अवस्थामा सुनुवार मृत भेटिएपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका तत्कालीन डीएसपी अंगुर जिसीको टोलीले घटना अनुसन्धान गरेको थियो । अनुसन्धानको क्रममा सिंहले अन्य दुईजनाको सहयोगमा बाह्य व्यक्तिको प्रयोग गरी जेलभित्रै विष सेवन गराएर सुनुवारको हत्या गरिएको खुलेको थियो ।

सुनुवारले प्रेमिका हत्यामा कर्तव्य ज्यान कसुरमा सजाय भुक्तान गर्दै थिए । कैदी सुनुवारको हत्या समेत गर्दा सिंहले अहिलेसम्म ६ जनाको हत्या गरिसकेका छन् । सिंहले योजनाबद्ध रुपमा विष सेवन गराएर कारागारभित्रै हत्या गरेको पाइए पनि अक्सर हत्याहरु भने आकस्मिक विवाद र झडपबाट हुने गरेको छ ।

नख्खु कारागारमै १७ साउन २०७६ मा झडप हुँदा कैदीबन्दी पूर्णबहादुर राजीको मृत्यु भएको थियो । राजीमाथि अर्का कैदीबन्दी पवनकुमार महतोले आक्रमण गर्दा ज्यान गएको थियो । झडपको विषय भने सामान्य थियो । दुबै जना एकअर्काको जुम्रा हेर्दा विवाद भएको थियो ।

यसरी विभिन्न निहुँमा कारागारमा हुने हत्या, झडप तथा मृत्यु घटना अप्रत्यक्ष रुपमा भने कारागार प्रशासनमै गएर जोडिने गरेको छ । क्षमता भन्दा दोब्बर, तेब्बरसम्म कैदीबन्दी राखिनु, चौकिदार, नाइके, सहनाइकेले मनपरी गर्नु, दमन गर्नुलगायत कारण देखाउँदै पटक पटक झडप र हत्या हुने गरेको छ ।

कारागार व्यवस्थापन विभागका प्रवक्ता पाण्डेका अनुसार २२ चैतसम्मको रेकर्ड अनुसार देशभरका कारागारमा २८ हजार २२९ कैदीबन्दी छन् । जबकी अहिले सञ्चालनमा रहेका कारागारको क्षमता भने १६ हजार ५ सय मात्रै छ । क्षमताभन्दा दोब्बर कैदीबन्दी भएपछि ठाउँको, शौचालयको अभाव हुनु स्वभाविक भएको र सोही निहुँमा कतिपय ठाउँमा झडप हुने गरेको प्रवक्ता पाण्डे स्वीकार्छन् ।

सुधार गृहमा गएपछि व्यक्ति सुधिएर आउनुको साटो जेलभित्रै व्यक्ति हत्या हुने गरेको तर्फ इंगित गर्दै सांसद गौतमले प्रश्न गरेकी थिइन्, 'सुधार गर्न भनेर कारागार राखिएकाहरु सुधिएर आउँछन् वा आउँदैनन् ?'

**सुरक्षाकर्मीबाटै असुरक्षित**

कैदीकन्दीहरुकै सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीबाट समेत कैदीबन्दीहरु असुरक्षित छन् । संखुवासभा जिल्ला कारागार खाँदबारीमा कैदीबन्दीलाई कुटपिट गरेर हत्या गरेको आरोपमा ७ प्रहरी अहिले पनि पुर्पक्षका लागि कारागारमा छन् । २४ साउन २०८० मा संखुवासभाको मादी नगर पालिका-५ का २० वर्षीय विनोद तोलाङ्गी र नुवाकोटको ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको मृत्यु भएको थियो ।

कुटपिटबाट उनीहरुको हत्या भएको आशंका गर्दै प्रहरीले अनुसन्धान अघि बढाएको थियो । यो घटनामा ७ प्रहरी र ८ कैदी गरी १५ जनालाई संखुवासभाका न्यायाधीश टेकनाथ गौतमको इजलासले २८ भदौमा पुर्पक्षका लागि कारागार चलानको आदेश दिएको थियो ।

जसक्रममा खाँदबारीमा कागारमा कार्यरत असई लक्ष्मी चौधरीसहित कारागारमा सुरक्षा गार्डहरु सुमन गुरुङ, दमनसिंह राई, राजकुमार श्रेष्ठ, मनिष राई, पवनकुमार महतो र नुसन राई गरी ७ प्रहरी कारागार चलान भएका थिए । यसअघि प्रतिनिधि सभाको कानून न्याय तथा मानव अधिकार समितिले धनुषा र रौतहटका हिरसतमा मृत्यु भएका व्यक्तिको सम्बन्धमा अध्ययन गर्न भन्दै शेरबहादुर तामाङको संयोजकत्वमा उपसमिति गठन गरेको थियो ।

७ साउन २०७८ मा उपसमितिले प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा समेत सुरक्षाकर्मीबाट थुनुवाहरुमाथि यातना भएको र ड्युटीमा लापरबाही हुने गरेको औंल्याइएको छ । निरञ्जन रामको हत्या आरोपमा इलाका प्रहरी कार्यालय गरुडा रौतहटले १ भदौ २०७७ मा १९ वर्षीय विजय महरालाई पक्राउ गरेको थियो ।

पक्राउपछि स्वास्थ्य जाँचका लागि लैजाँदा नै विजयको शरीरमा निलडाम तथा चोटपटक लागेको उपसमितिले प्रतिवेदनमा उल्लेख गरेको थियो । २ भदौमा राति नै बिरामी भएको महराले जानकारी गराए पनि ३ भदौ बिहान ६ बजेतिरमात्रै उपचारका लागि लगिएको थियो । ११ भदौमा महराको निधन भएको थियो । अनुसन्धानको क्रममा प्रहरीको यातनाबाट महराको निधन भएको भन्दै इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी निरीक्षक नवीनकुमार सिंह, प्रहरी हवल्दार हिरोज मिया धुनियाँ र मुन्ना सिंहलाई निलम्बन गरिएको थियो ।

प्रहरीबाटै यातना, कुटपिट र कैदीबन्दीको हत्यासम्मका घटनाहरु देखिएको निष्कर्ष निकाल्दै प्रहरीलाई मानव अधिकारसम्बन्धी तालिम दिनुपर्ने सुझाव तामाङ संयोजक रहेको उपसमितिले दिएको थियो ।

**'समयमै कैदीले उपचार पाउँदैनन्'**

मानव अधिकार आयोगले समेत आफ्नो वर्ष पुस्तकमा कारागारको अवस्था दयनीय रहेको उल्लेख गरेको छ । मानव अधिकारका दृष्टिले कारागारले न्यूनतम मापदण्ड समेत पालना गर्न नसकेको उल्लेख छ । आयोगको वार्षिक प्रतिवेदन २०७९/८० मा लेखिएको छ, 'कैदीबन्दी बिरामी हुँदा समेत उपचारको राम्रो प्रबन्ध भएको देखिएन ।' त्यस्तै कारागारका संचरनाहरु जीर्ण भएकाले भत्किएर कैदीबन्दीलाई नै किच्न सक्ने खतरा रहेको आयोगले उल्लेख गरेको छ ।

'संरचना जीर्ण छन् । त्यसमाथि क्षमताभन्दा दोब्बर कैदीबन्दी राखिएको छ । शौचालय जान लाइन बस्नुपर्ने अवस्था छ । सुत्ने ठाउँ अति नै साँघुरा छन् । सरसफाइ, खानेपानीको अभाव छ' आयोगले उल्लेख गरेको छ । कारागारलाई सुधार गृहको रुपमा विकास गर्नुपर्नेमा न्यूनतम मापदण्डसमेत पालना नहुनु र कारगारमै व्यक्ति असुरक्षित हुँदै हत्यासम्म हुने विषय दुःखद रहेको पूर्वएआईजी ठुले राई बताउँछन् ।

मुख्यगरी पूर्वाधार, कैदीबन्दीको आचरण र सुरक्षामा खटिएका सुरक्षाकर्मीको भूमिकाका कारण कारागारहरुमा झडप हुने स्थिति देखिएको राईले बताए । 'अहिले जेल समेत नभनेर सुधार गृह भन्न थालिएको छ । तर सुधार गृहमा गएपछि व्यक्ति सुधारिएर आउनुपर्नेमा असुरक्षित हुने र हत्यासम्मका घटना हुनु दुःखद हो । प्रशासनले जेल सुधारमा जतिसक्दो चाँडो काम गर्नुपर्ने देखिन्छ', एआईजी राईले भने ।

कारागारमा झडप, व्यक्ति हत्यालगायतका घटना बढ्न थालेको निष्कर्ष निकाल्दै तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले ध्यान शिविर नै सञ्चालन गरेका थिए । २१ फागुनमा गृहमन्त्रीबाट बिदा हुँदै गर्दा समेत तत्कालीन गृहसचिव दिनेश भट्टराई समक्ष कारागारको ध्यान शिविरलाई निरन्तरता दिन भनेका थिए ।

'तपाईहरुले ध्यान शिविरलाई सामान्य रुपमा लिनु भएको होला । तर त्यो होइन । कैदीबन्दीमा चरम निराशा, मास फ्रस्टेसन, अराजकता, उद्दण्डता देखिएको छ । कम्तीमा यस्ता कुराहरु न्यूनीकरण गर्न ध्यान शिविरले सकारात्मक भूमिका खेल्छ । यसलाई निरन्तरता दिनुहोला ।'

*(स्रोतः अनलाइनखबर)*

# २०८० मा सात फिल्म सफल, फ्रेन्चाइज फिल्म पिटिए




काठमाडौं/अबको ५ दिनमा २०८० साल विदा हुँदैछ । यस वर्ष नेपाली फिल्मको रिलिजमा खासै गुणात्मक वृद्धि देखिएन । गत वर्ष ४६ फिल्म रिलिज भएका थिए । यस वर्ष ५३ वटा पुग्नेछ । कोरोना महामारीभन्दा अगाडि झण्डै एक सयको हाराहारीमा फिल्म रिलिज हुँदै आएका थिए । त्यसमध्ये ६/७ वटा फिल्म मात्र सफल ठहरिन्थे । ५३ वटा फिल्म रिलिज हुँदा पनि सफलताको दर एउटै देखिन्छ ।

यस वर्ष रिलिज भएका ५३ फिल्ममध्ये ७ वटा मात्र सफल भए । बैशाख १ गते रिलिज भएको फिल्म 'जारी' वर्षकै ठूलो ब्लकबस्टर बन्यो । यसले १७ करोडको रेकर्ड बनाएको छ । वर्षभरि रिलिज भएका कुनै फिल्म यसको आँकडा नजिक पनि पुग्न सकेनन् । दुई हप्तामा १० करोडमाथि कमाई गर्दै यस वर्षको दोस्रो ब्लकबस्टर फिल्म 'महाजात्रा' बनेको छ । यो फिल्मको कमाई अझै जारी छ ।

यस वर्षको दशैं र तिहार नेपाली फिल्मका लागि फलिफाप नै देखियो । यी दुई पर्वमा रिलिज भएका तीन फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन', 'परदेशी २' र 'दिमाग खराब'ले 'सुपरहिट'को रेकर्ड बनाए । तीनवटै फिल्मको कमाई १० करोडमुनि छ । 'नाङ्गो गाउँ' र 'दयारानी' भने हिट सावित भए । यस वर्ष सफल भएका ७ फिल्ममध्ये 'भष्मे डन', 'परदेशी २' र 'महाजात्रा' मात्र फ्रेन्चाइज हुन् ।

यस वर्ष दुईवटा फिल्मको व्यापार भने मध्यम रह्यो । गत असारमा रिलिज भएको 'बगान' र गत फागुनमा आएको 'अगस्त्य'ले बक्स अफिसमा औसत व्यापार गरे । यी दुवै फिल्मका निर्मातालाई सामान्य घाटा छ । अब यही चैत ३० गते दुई फिल्म 'डिग्री माइला' र 'द रेड सुटकेट' रिलिज हुँदैछन् । यस वर्षको अन्तिम दिनमा रिलिज हुन लागेकोले यी दुईवटै फिल्मको व्यापार यसै वर्ष जोडिनेछ ।

**फ्रेन्चाइज फिल्म नचलेको वर्ष**

सिक्वेल अथवा सिरिज फिल्मलाई सफलताको ग्यारेन्टी मानिन्छ । 'छक्का पञ्जा', 'कबड्डी', 'जात्रा' जस्ता श्रृंखलाले यो प्रमाणित गरेका छन् । तर, यस वर्ष सिक्वेल र सिरिज फिल्म पनि बक्स अफिसमा पिटिए । गत बैशाखमा एकसाथ रिलिज भएका 'प्रसाद २' र 'नाइँ नभन्नू ल ६' दुवै असफल भए । 'नाइँ नभन्नू ल ६' त डिजास्टर नै बन्यो । यो फिल्मको बक्स अफिसमा ३० लाख पनि व्यापार छैन ।

यस वर्ष सिक्वेल र सिरिज मात्र होइन, नाम चलेका कलाकारका फिल्म पनि चलेनन् । अभिनेता धीरज मगरका दुई फिल्म 'ज्याकी: आई एम ट्वान्टी वान' र 'एक भागवत् गीता' असफल भए । 'भागवत् गीता'मा अभिनेत्री सुहाना थापा पनि थिइन् । पहिलोपटक उनी फ्लप फिल्मको साक्षी बनिन् । भदौमा आएको अभिनेत्रीद्वय स्वस्तिमा खड्का र वर्षा राउत अभिनीत फिल्म 'ऐँचो पैँचो' पनि चलेन ।

त्यसैगरी, दयाहाङ राई र सौगात मल्लको 'हात्तीछाप', रेखा थापा र पूजा शर्माको 'उपहार', दयाहाङ राई र मिरुना मगरको 'रंगेली', सलोन बस्नेत र केकी अधिकारीको 'जय हो', ऋचा शर्माको 'कौसीद' जस्ता फिल्म पनि यस वर्षको फ्लप सूचीमा अटाए । २०८० सालमा ५० करोडमाथिको लगानी बालुवामा पानीसहर भएको देखिन्छ । यद्यपि, यस वर्ष फिल्म सफलताको दर सन्तोषजनक छ ।

# 'बोक्सीको घर' ट्रेलरमा प्रभावशाली केकी



काठमाडौं/नाटकमा आधारित भएर बनेको फिल्म 'बोक्सीको घर'को ट्रेलर सार्वजनिक गरिएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक साढे २ मिनेट लम्बाईको ट्रेलरले बोक्सीको आरोप लगाइएकी एक महिला पात्रलाई पछ्याउँछ, जसमा अभिनेत्री केकी अधिकारी प्रस्तुत छिन् । ट्रेलरमा उनको चरित्रचित्रण प्रभावशाली देखिन्छ । उनको गेटअप र हाउभाउले डर पैदा गराउँछ ।

फिल्मको कथा गाउँमा आधारित छ । बालविवाह भएकी एक युवतीलाई बोक्सीको आरोप लगाइन्छ । गाउँघरमा कोही विरामी हुँदा उनैमाथि प्रश्न उठ्छ । र, त्यो कथा लेखन श्वेच्छा राउत गाउँ पुगेकी छन् । ट्रेलरमा पिपलको बोटलाई विम्बको रुपमा प्रयोग गरिएको छ । पिपलको बोटप्रति विश्वास र अन्धविश्वास दुवै छ । यसैले हुनसक्छ, ट्रेलरमा केकीको पात्र पिपलको बोटमै बढी देखिएको छ ।

आगामी बैशाख १४ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्ममा सुलक्षण भारतीको लेखन तथा निर्देशन छ । उनी स्वयं फिल्ममा केकीको श्रीमानको भूमिकामा प्रस्तुत छन् । रमा थपलिया, सुपला सापकोटा, श्वेच्छा राउत, सुष्मा निरौला, सबिन बास्तोला आदिको पनि अभिनय रहेको फिल्ममा केकीका बाबु तथा निर्देशक बद्री अधिकारी निर्माता र राज घिमिरे कार्यकारी निर्माता हुन् ।

केकीले फिल्ममा निभाएको पात्र आफ्नो 'कम्फर्ट जोन'को नभएको बताएकी छन् । 'यो मेरो 'कम्फर्ट जोन'को पात्र होइन । मैले धेरै मिहिनेत गर्नुपर्ने पात्र थियो । ६ महिना त वर्कसप नै गऱ्यौं । आवाजदेखि शारीरिक हाउभाउमा काम गऱ्यौं,' उनले भनिन् । कहिल्यै नदेखिएको र नभनिएको कथा पर्दामा आउन लागेको केकीको जिकिर छ । उनी यो फिल्मलाई इमानदार प्रयास भन्न रुचाउँछिन् ।

# 'बलिदान'को एक्सन खिच्न सेट डिजाइन गरिँदै

काठमाडौं/आगामी दशैंको फूलपातीमा प्रदर्शन गर्न लागिएको फिल्म 'बलिदान'को बैशाख अन्तिमबाट छायांकन सुरु गरिँदैछ । त्यसका लागि यतिबेला पूर्वको इटहरीमा सेट डिजाइनको काम सुरु गरिएको छ । निर्देशक तथा निर्माता सन्तोष सेनले फिल्मको कथामा आउने देशकाल र परिस्थितिलाई दुरुस्त झल्काउने लोकेसन खोज्नुपर्ने चुनौतीबीच सेट डिजाइन गर्न लागिएको जानकारी गराएका छन् ।

यतिबेला इटहरीमा रहेको बिएमसी स्टुडियोमा सेट निर्माणको काम भइरहेको छ । सो स्टुडियोको उद्घाटन नै 'बलिदान'बाट हुनेछ । 'आउटडोर' र 'इनडोर' दुवैका लागि सेट तयार पारिनेछ । ४० प्रतिशत 'इनडोर' र १० प्रतिशत 'आउटडोर'को छायांकन सेटमै हुनेछ । बाँकी ५० प्रतिशत विराटनगर र इटहरीसहित त्यस नजिकका क्षेत्रमा गरिनेछ । सेटमा विशेषगरी एक्सन सिन खिचिनेछ ।

नेपालको तराई क्षेत्रका कला, संस्कृति र भूगोलसँग फिल्मको कथाको परस्पर सम्बन्ध जोड्नुपर्ने भएकाले व्यापक तयारी आवश्यक रहेको निर्देशक सेनको भनाई छ । यो कार्यलाई उनले 'बलिदान'को महत्त्वपूर्ण प्रकरण भनेका छन् । उनी भन्छन्, 'अबको प्रकरण कथामा आउने संसारमा देशकाल र परिस्थितिलाई दुरुस्त झल्काउनु हो । यो प्रकरण छिचोल्न चुनौतीका साथै रमाइलो पनि छ ।'

'बलिदान'बाट अभिनेता विराज भट्टका छोरा समीर भट्टले अभिनयमा डेब्यू गर्दैछन् । उनले लामो समय मुम्बईमा बसेर नृत्य, द्वन्द्व, अभिनय र मार्सल आर्टको तालिम सिकेका थिए । फिल्ममा उनको अपोजिटमा अभिनेत्री नीति शाहको नाम चर्चामा छ । फिल्ममा अभिनेताद्वय सौगात मल्ल र अर्पण थापा खलपात्रको रुपमा देखिँदैछन् भने अभिनेत्री ऋचा शर्माको पनि विशेष भूमिका रहनेछ ।

# महाजात्रा : विकृत...

समकालीन नेपाली राजनीतिको लिजेन्ट व्यक्तित्व बन्नुभएको केपी शर्मा ओलीले त्यो आँट देखाउनुभएको छ। 'महाजात्रा'को लेखक, निर्देशक र कलाकार टिमसँग बसेर राजनीतिको तथ्य कथालाई सहस्र स्वीकार गर्दै परिवर्तनको लागि सिनेमा अभियानमा समर्थन गर्नुभएको छ । राजनीतिको लागि समाजको हरेक परिवेश र परिघटना आवश्यक हुन्छ भन्ने तथ्यलाई स्वीकार गर्दै त्यही सामाजिक चालमा शुद्धता र सफलता खोजिरहने नेपाली राजनीतिको एकमात्र पात्र केपी शर्मा ओलीले 'महाजात्रा'को प्रमोसनमा जसरी समय उपलब्ध गराउनुभयो यसले वर्तमान राजनीतिक विकारको स्वीकारोक्ति र शुद्धताको आवश्यकताबोध देखाएको छ । अपेक्षा गरौं, 'महाजात्रा'ले उठाएको राजनीतिक विकारलाई शुद्धीकरण गर्न केपी शर्मा ओलीको नेतृत्व सफल हुनेछ ।

'महाजात्रा' हेरेर फर्कंदै गर्दा वरिष्ठ कलाकार मदनदास श्रेष्ठसँग भेट भयो । उहाँले भन्नुभयो- नेपाली सिनेमाले समाजको विकृत परिवेश प्रस्तुत त गर्छन् तर समाधान दिन सकेका हुँदैनन् । उहाँको कुरा तथ्यपरक छ। नेपाली सिनेमाले सामाजिक कमी-कमजोरी जसरी प्रस्तुत गर्न सकेका छन्, त्यसको समाधान के भनेर दिन सकेका छैनन् । 'महाजात्रा'मा यही कुरा अपूरो छ । जात्रा, जात्रैजात्रा हुँदै 'महाजात्रासम्म आइपुगेको प्रदीप भट्टराईको सामाजिक तथ्यकथा अब समाधानमुखी सिनेमामा पुगेर टुङ्गिनुपर्छ । राजनीतिमा अवैध धन, सुन तस्करी, गुण्डाराजजस्ता विकृत पक्ष मौलाएको तथ्य देखाउन सफल लेखक्निर्देशक प्रदीप भट्टराईले यी सबै नकारात्मक पक्षको अन्त्यको लागि कस्ता राजनीतिक पात्र आवश्यक छ, नेपाली राजनीतिमा त्यस्ता पात्रको सम्भावना छ कि छैन, मुलुकको ऐन-कानुनले त्यस्ता खराब परिवेश अन्त्यको लागि भूमिका खेल्न सक्छ कि सक्दैन, समाजमा विकास र आर्थिक परिवर्तनको लागि आवश्यक कुरा के हो, राजनीतिमा नीतिबाट परिचालित नेताको उदय कसरी हुन सक्लाजस्ता समाधानमुखी विषयलाई पनि अबको सिने कथामा उतार्न सक्नुपर्छ ।

*(साभारः नेपाल समाचार-पत्र)*

# अमेरिकामा खुल्यो 'डिग्री माइला'को बुकिङ, ६० हजारले हेर्ने अपेक्षा

काठमाडौं/नयाँ वर्षको साइत पारेर यही चैत ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'डिग्री माइला'को नेपालभन्दा अगाडि नै अमेरिकामा बुकिङ खुलेको छ । अन्तर्राष्टि्रय वितरण अधिकार खरिद गरेको कम्पनी सेभेन सिज इन्टर टेनमेन्टले आइतबार एक विज्ञप्ति जारी गर्दै डलास, लस एन्जलस, सन फ्रान्सिस्को, शिकागो, बोस्टन लगायतका विभिन्न सहरमा फिल्मको बुकिङ खुलेको जनाएको छ ।

११ अप्रिलमा अभिनेता बुद्धि तामाङको उपस्थितिमा लेकवुडको स्टारलाइट सिनेमा घरमा फिल्मको प्रिमियर हुँदैछ । १२ अप्रिलबाट भने अमेरिकाको लस एन्जलससहित १० सहरमा फिल्म रिलिज हुने सेभेन सिजले जानकारी गराएको छ । त्यसैगरी, १९ अप्रिलबाट सन फ्रान्सिस्को सहित २० बढी सहर र अप्रिल २६ देखि डेनभर कोलोराडो तथा एरिजोनामा फिल्म प्रदर्शनको तयारी गरिएको छ । अप्रिल र मेको पहिलो सातासम्म अमेरिकामा करिब ७ सय शोसहित ४ हप्ताको प्रदर्शनमा ४० देखि ६० हजार नेपालीले फिल्म हेर्ने अपेक्षा वितरक कम्पनी सेभेज सिजको छ । अमेरिकाका ४० बढी थिएटरमा फिल्म दैनिक लाग्नेछ । कलाकार तामाङले अमेरिका बसाईको क्रममा लस एजलस, डलास, ओहायो, पेन्सिलभेनया तथा न्यूयोर्कमा आयोजना हुने प्रिमियरमा सहभागिता जनाउनेछन् ।

रामबाबु गुरुङको निर्देशनमा तयार भएको यो फिल्ममा दयाहाङ राई, आँचल शर्मा, प्रकाश घिमिरे, माओत्से गुरुङ, विजय बराल, बुद्धि तामाङ लगायतको अभिनय छ । नेपालमा फिल्मको बुकिङ सोमबार वा मंगलबारसम्ममा खुल्ने देखिन्छ । एकातिर 'कबड्डी' समूहको फिल्म र अर्कोतिर टिजर/ट्रेलरपछि चुलिएको चर्चा हेर्दा फिल्मले बक्स अफिसमा आक्रामक व्यापार गर्न सक्ने देखिन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# पारिजातको स्मृतिमा वक्तृत्वकला प्रतियोगिता गरिने

साझाकुरा संवाददाता




हेटौंडा, २५ चैत/ साहित्यकार पारिजातको स्मृति दिवसको अवसर पारेर मकवानपुरको साहित्य क्षेत्रमा सक्रिय आँचल साहित्य कला पुञ्जले वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने भएको छ ।

गतवर्ष कविता प्रतियोगिता आयोजना गरेको आँचलले यसवर्ष ५ वैशाख २०८१ मा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्न लागिएको आइतबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ । 'नेपालको सामाजिक रुपान्तरणमा राजनीतिक आन्दोलनको भूमिका' विषयक खुला वक्तृत्वकला प्रतियोगिता हुने आँचलकी अध्यक्ष भावना सापकोटाले जानकारी दिइन् ।

हेटौंडा उपमहानगर पालिका-१० नम्बर वडा कार्यालयसँगको सहकार्यमा हुने प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमश: ८ हजार, ६ हजार, ४ हजार नगदसहित प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष सापकोटाले बताइन् । सान्त्वना हुने प्रतिस्पर्धीले पनि नगद २ हजार प्राप्त गर्नेछन् । आगामी १५ वैशाखमा हेटौंडा उपमहानगर पालिकासँगको सहकार्यमा बृहत् साँस्कृतिक तथा साहित्यिक कार्यक्रमको तयारी भइरहेको पनि सापकोटाले जानकारी दिएकी छन् ।

कार्यक्रममा विभिन्न श्रष्टा सम्मान, विद्यालयस्तरीय एकलगायन प्रतियोगिता, बहस कार्यक्रमलगायत विविध विधाका साहित्यिक प्रस्तुति रहनेछ । विद्यालयस्तरीय एकलगायनमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमश: नगद ८ हजार, ६ हजार, ४ हजार र २ हजार सहित प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ । हेटौंडा-१० का वडाध्यक्ष फुर्वादोर्जे लामाले साहित्य क्षेत्रको विकासमा वडाले हातेमालो गर्न आवश्यक रहेको औंल्याउँदै विद्यार्थीको क्षमतामा वक्तृत्वकला प्रतियोगिताले टेवा पुऱ्याउने बताए ।

# मकवानपुरमा फेरि डेंगु संक्रमणको जोखिम

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ मकवानपुरसहित बागमती प्रदेशका जिल्लामा डेंगु सङ्क्रमण देखिन थालेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार चैत लागेसँगै चितवन र मकवानपुरमा डेंगुका बिरामी फेला पर्न थालेका हुन् ।

चैत महिनामा चिवनमा ३० र मकवानपुरमा २४ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको मन्त्रालयको तथ्याङ्क छ । चालु आर्थिक वर्षको साउनदेखि चैत २२ गते बिहीवारसम्म प्रदेशका १३ जिल्लामा एघार हजार ३३३ जनामा डेंगु सङ्क्रमण पुष्टि भएको हो । पछिल्लो २४ घण्टामा एकजनामा डेंगु सङ्क्रमण पुष्टि भएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि हालसम्म सबैभन्दा बढी धादिङमा डेंगु पुष्टि भएको हो । मन्त्रालयको तथ्याङ्क अनुसार धादिङमा तीन हजार ४९९ र सबैभन्दा कम रसुवामा २ जनामा डेंगु पुष्टि भएको थियो । तथ्याङ्कअनुसार चालु आवको हालसम्म काठमाडौंमा तीन हजार, चितवनमा एकहजार ६८३, ललितपुरमा एकहजार ४३८, मकवानपुरमा ८०८, भक्तपुरमा ४९४, काभ्रेपलाञ्चोकमा १६७ जनामा डेंगु पुष्टि भएको छ ।

यसैगरी, नुवाकोटमा ८१, दोलखामा ७९, रामेछापमा २७, सिन्धुपाल्चोकमा ३२ र सिन्धुलीमा २३ जनामा डेंगु पुष्टि भएको स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा.रविन भुषालले जानकारी दिए । डेंगु सङ्क्रमणका कारण विगतका वर्षमा धादिङ र ललितपुरका दुई/दुई जना, काभ्रेपलाञ्चोक र मकवानपुरका एक/एक जना सहित ६ जना सङ्क्रमितको मृत्यु थियो ।

# मकवानपुरगढीमा डढेलोले खानेपानी र सिचाईंको पाइपमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ मकवानपुरगढी गाउँपालिकामा वन डढेलोका कारण खानेपानीको पाइप जल्दा स्थानीयलाई खानेपानीको समस्या भएको छ ।

डढेलोले मकवानपुर गढी गाउँपालिकामा रहेको बृहत खानेपानी आयोजनालगायत अन्य स्थानीय खानेपानीको पाइप जल्दा गाउँमा पार्नी आपूर्ति बन्द भएको छ । डढेलोका कारण खानेपानीको पाइप जलेपछि मकवानपुर गढीगाउँपालिकाको वरभन्ज्याङ, बाँसपानी, पौवाडाँडा, गुम्बा, धर मपानी, कुर्ले, गैरीभञ्ज्याङ, शिखर कटेरी, लामिडाँडा, भालुन्टार र ३ नम्बर वडाको क्षेत्रमा खानेपानी र



सिचाईं पूर्णरुपमा अवरुद्ध भएको हो ।

डढेलोले मकवानपुर गढी-२, स्थित माथिल्लो बाँसपानी, मञ्जुश्री वन हुँदै आउने बृहत खानेपानी, अमृत खानेपानी, वर भन्ज्याङ खानेपानी, बाँसपानी खानेपानी आयोजनाको पाइपमा क्षति पुगेको वडाअध्यक्ष बखानसिं पाख्रिनले जानकारी दिए । डढेलोले धवाडी सिचाईं-१, धवाडी सिचाईं-२ को पाईपमा ठूलो क्षेती पुगेको छ ।

शनिवार बेलुका वन डढेलो निभाउन स्थानीयले प्रयास गरेपनि रातको समय र भीरपहरामा आगो फैलिएकोले निभाउन नसकिएको वडाध्यक्ष पाख्रिनले बताए । डढेलो निभाउन इलाका प्रहरी कार्यालय मकवानपुरगढीको प्रहरीटोली र स्थानीय खटिएका थिए । तर, पनि डढेलो नियन्त्रणमा आउन सकेको छैन । डढेलोले वन छेउमा रहेका घरहरु पनि जोखिममा परेको वडाध्यक्ष पाख्रिनलले जानकारी दिए ।




# झरनाको ३०२ औं साहित्य श्रृंखला र सम्मान प्रदान

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ मकवानपुरको झरना साहित्यिक परिवारले मोरङका मुक्तककार बाबुराम पोखरेललाई सम्मान गरेको छ । झरनाको ३०२ औं श्रृंखलामा शनिवार पोखरेललाई १५ हजार ५ सय ५५ राशीको 'शिव-सावित्री अधिकारी स्मृति साहित्य सम्मान'द्वारा सम्मानित गरिएको हो ।

यसैगरी, झरनाले यसअघि सार्वजनिक गरेका उत्कृष्ट १० मुक्तकारमध्ये ज्ञानदीप शिक्षा निकेतन माविकी छात्रा आकाङ्क्षा निरौला सर्वोत्कृष्ट भएकी छिन् । उनलाई ५ हजार ५ सय ५५ नगद राशिको 'शिव-सावित्री मुक्तक पुरस्कार' द्वारा पुरस्कृत गरिएको छ । दुवै पुरस्कार झरनाका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारीले स्थापना गरेका हुन् । टिकटमा मुक्तक कार्यक्रमअन्तर्गत डडेल्धुराकी पार्वती भट्ट, स्याङ्जाकी अमृता पोखेल, धादिङकी निर्मला स्नेहीका साथमा मकवानपुरका स्रष्टाहरु सानु खनाल र दीपक गौतमले ६/६ वटा मुक्तकवाचन गरेका थिए ।

झरनाका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षतामा भएको साहित्य श्रृंखलामा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यता रहेको थियो ।

# स्वदेशी काठको प्रयोग अनिवार्य गराउँदै मन्त्री पोखरेल

साझाकुरा संवाददाता

हेटौंडा, २५ चैत/ बागमती प्रदेशका वन तथा वातावरण मन्त्री केशवप्रसाद पोखरेलले सरकारी कार्यालयमा स्वदेशी काठको अनिवार्य प्रयोगमा ल्याउन निर्देशन दिएका छन् ।

बागमती प्रदेशको वन तथा वातावरण मन्त्रीको पदभार ग्रहण गर्दै पोखरेलले प्रदेशका सबै सरकारी कार्यालयमा स्वदेशी काठको अनिवार्य प्रयोगमा ल्याउनु पर्ने निर्णयमा हस्ताक्षर गर्नुका साथै मातहतका कार्यालयलाई निर्देशन दिएका हुन् । आल्मुनियम, युपिभिसि तथा विदेशी काठको प्रयोग बढेको तर, नेपालको काठ भने वनमै सड्ने अवस्था रहेकोले नेपाली काठको प्रयोगमा जोड दिएइको मन्त्री पोखरेलले बताए ।

'नेपालमै उत्पादित काठको प्रयोग बिस्तारै हराउँदै गएको अवस्थालाई मध्यनजर गर्दै मन्त्रिपरिषद्को बैठकबाट निणर्य गरी प्रदेशका पालिका तहसम्म नेपाली काठको प्रयोग अनिवार्य रुपमा लागू गरिने छ ।,' उनले भने । वनजंगलमा लडेका र कटान भएका काठ व्यवस्थापन तथा विक्री वितरणमा समस्या रहेकोले कानुनी प्रावधानसमेत परिवर्तन गरिने उनको भनाई छ ।

Education is the real treasure

25 Years of Excellence in Education
Celebrating Silver Jubilee

We are hiring...

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity. We are looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. **Secondary & Basic Level Faculty :** *Social Studies, Mathematics, Computer Science, English, Science, Nepali, 'Health, Physical & Creative Arts',English Phonics, Nepali Phonics*
2. **School Counsellor**
3. **Officers:** *Event Management, IT Administration, Human Resource*
4. **ECA Instructor :** *Art & Craft, Music, Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing*
5. **Assistants :** *IT Administration, Computer Operator, Front Desk*
6. **Hostel Staffs :** *Cook, Helpers, Gardener* ( **भान्से, सहयोगी र माली** )

For further details, please visit **www.hetaudaacademy.edu.np/vacancy**

Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 6. Preference will be given to well trained and experienced candidates in related areas.

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at ***hr@hetaudaacademy.edu.np*** with 2 references and expected salary not later than **9 April 2024**.

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट




**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३